# गर्भवती महिलाहरुमा धुम्रपानको प्रयोग तथा स्वास्थ्यमा पार्ने असरको ज्ञान सम्बन्धमा गरिएको एक अध्ययन

प्रस्तुतकर्ता

नाम : मञ्जु श्रेष्ठ

सि.नं.: २१८००९७/०६८

त्रि.वि.र.नं. : ९-२-२१८-१२३-२००६

त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्ष

स्वास्थ्य शिक्षा विषय(५९८)को आंशिक पाठ्याभार पूरा गर्न तयार पारिएको एक शोधपत्र

त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

२०७२

## घोषणा पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायतर्फ स्नातकोत्तर तह दोस्रो वर्ष स्वास्थ्य शिक्षा विषयको आंशिक पाठ्यभार पूरा गर्न तयार पारिएको एक शोधपत्र हो । यसका लागि इटहरी उपमहानगरपालिकाका १०० जना गर्भवती महिलाहरुमा सूर्तीजन्य पदार्थहरुको प्रयोग तथा यसले स्वास्थ्यमा पार्ने असरको ज्ञान सम्बन्धमा अध्ययनबाट प्राप्त विवरणहरुलाई आधार मानी शोधपत्र प्रस्तुत गरिएको छ ।

यस शीर्षकमा अध्ययनबाट जति जानकारीतथा तथ्यांकहरुलाई यस शोधपत्रमा उल्लेख गरिएको छ, उक्त तथ्यहरु मेरो आफ्नै अध्ययन कार्य र व्यक्तिगत प्रयासको प्रतिफल हो, जसमा उत्तरदातासँगको प्रत्यक्ष अर्न्तक्रियाबाट प्राप्त जानकारीहरुलाई व्याख्या तथा विश्लेषण गरी उल्लेख गरिएको छ भनीस्वयं घोषणा गर्दछु ।

**मञ्जु श्रेष्ठ**

# सारसंक्षेप

सुनसरी जिल्ला इटहरी उपमहानगरपालिकाका गर्भवती महिलाहरुमा धुम्रपानको प्रयोग तथा स्वास्थ्यमा पार्ने असरको ज्ञान सम्बन्धी गरिएको अध्ययन एक स्थलगत अध्ययन हो ।

यस अध्ययनको मुख्य उद्धेश्यका रुपमा गर्भवती महिलाहरुमा धुम्रपानको प्रयोगको अवस्था पत्ता लगाउनु, सूर्तीजन्य पदार्थहरुको सेवन गर्नुको कारण पत्ता लगाउनु तथा सूर्तीजन्य पदार्थको सेवनले स्वास्थ्यमा पार्ने असरका सम्बन्धमा जानकारी भए/नभएको पत्ता लगाउनु रहेको छ ।यस अध्ययनमा वर्णनात्मक अध्ययन विधि प्रयोग गर्नुका साथै सम्भावनारहित नमुना छनोट विधि अर्न्तगतको उद्धेश्यपूर्ण नमुना छनोट विधिद्धारा १०० जना गर्भवती महिलाहरुलाई अध्ययन नमुना जनसङ्ख्याको रुपमा लिइएको छ । यस अध्ययनमा सूचना तथा जानकारीहरु सङ्कलन गर्न संरचित अर्न्तवार्ता सूची तयार पारी प्रत्यक्ष भेटघाटद्वारा आवश्यक जानकारी लिइएको छ । प्राप्त जानकारीहरुलाई अध्ययनको उद्धेश्य र प्राप्त भएको तथ्याङ्कको प्रकृतिको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्ययन जनसङ्ख्याको रुपमा रहेको इटहरी उपमहानगरपालिकाका सुर्तीजन्य पदार्थ सेवन गर्ने १०० जना गर्भवती महिलाहरुको व्यक्तिगत, पारिवारिक, शैक्षिक, आर्थिक तथा सूर्तीजन्य पदार्थको प्रयोगको सम्बन्धमा केन्द्रित रहेर अध्ययन गरिएको थिया। अध्ययन जनसङ्ख्याको रुपमा रहेको इटहरी उपमहानगरपालिकाका गर्भवती महिलाहरु विभिन्न जनजातीको रहेको पाइयो , जसमा थारु, मुसलमान, क्षेत्री, राई, नेवार , वि.क., लिम्बु, तामाङ, मगर, मण्डल र भुजेल रहेको पाइयो । गर्भवती महिलाहरुले आ-आफ्नो जात अनुसारका मातृभाषाहरु बोल्ने गरेको पाइयो, जसमा मुख्यतया थारु भाषा, नेपाली, नेवारी, राई, मुस्लिम , तामाङ, लिम्बु रहेको पाइयो । गर्भवती महिलाहरुको धर्मगत पक्षलाई अध्ययन गर्दा हिन्दु धर्म मान्ने गर्भवती महिलाहरुको सङ्ख्या ८३ %, मुस्लिम १० %, र बौद्ध धर्म मान्ने गर्भवती महिलाहरुको संख्या७ % रहेको पाइयो । गर्भवती महिलाहरुको पारिवारको बनोटलाई हेर्दा ७७ % संयुक्त परिवार र ३३ % एकल परिवार रहेको पाइयो ।सुर्तीजन्य पदार्थ सेवन गर्ने १०० जना गर्भवती महिलाहरुमध्ये २७ % ले कुनै पनि किसिमको औपचारिक शिक्षा हासिल नगरेको, ५३ % ले प्रावि तह सम्मको र ४ %ले मात्र मा.वि. वा सो भन्दा माथिको शिक्षा हासिल गरेको पाइयो । त्यस्तै गरी गर्भवती महिलाहरुको श्रीमान् मध्ये ४७ % ले प्रा.वि. तहसम्मको शिक्षा प्राप्त गरेको, ३९ % ले नि.मा.वि. तहसम्म, ८ % ले मा.वि. वा सो भन्दा माथि र ६% ले कुनै पनि किसिमको औपचारिक शिक्षा प्राप्त नगरेको पाइयो ।अध्ययन जनसङ्ख्याको रुपमा रहेका १०० जना गर्भवती महिलाहरुमध्ये २१% ले कुनै पनि किसिमको पेसा नअपनाएको, ५९% कृषि पेसामा संलग्न रहेको ३% व्यापार र १७% मजदुरी पेसामा संलग्न रहेको पाइयो । गर्भवती महिलाहरुकाश्रीमान्हरुमध्ये १५% ले कृषि पेसा अपनाएको, ४% ले व्यापार, ५८% ले मजदुरी र २३% वैदेशिक रोजगारमा संलग्न रहेको पाइयो । अध्ययन जनसंख्याको रुपमा रहेका १०० जना गर्भवती महिलाहरुमध्ये ६२% को १६-२० वर्षको उमेरमा विवाह भएको र

३८% को २१ -२५ वर्षको उमेरमा विवाह भएको थियो। त्यस्तै गरी तत्कालीन समयमा ५४% महिलाहरुको १ जना बालबच्चा रहेको, १८% महिलाको २ जना, १% का ३ जना र २७% महिलाहरुका बालबच्चा नभएको पाइयो । त्यस्तै गरि ६४% महिलाहरुको १५-२४ वर्षको उमेरमा पहिलो बच्चा भएको थियो भने ९% को २५-३४ वर्षको उमेरमा पहिलो बच्चा भएको थियो । गर्भवती महिलाहरुको तत्कालीन गर्भ अवधि का संबन्धमा ३०% महिलाहरुको १-३ महिनाको गर्भअवधि भएको, ४८% को ४-६ महिना र २२% को ७-९ महिनाको गर्भअवधि रहेको पाइयो । त्यस्तै २१ % गर्भवती महिलाहरुलाई मात्र गर्भवती अवस्थामा वास्तविक रुपमा स्वास्थ्य जाँच कति पटक गराउनु पर्दछ भन्ने जानकारी भएको र बाँकी ७९% लाई यस बारे वास्तविक जानकारी नरहेको पाइयो । गर्भवती अवस्थामा स्वास्थ्य जाँच गराउने महिलाहरुको सङ्ख्या (७९% रहेको र स्वास्थ्य जाँच नगराएको गर्भवती महिलाहरुको संख्या २१% रहेको पाइयो । यस अन्तर्गत गर्भवती अवस्थामा स्वास्थ्य जाँच गराउनेको सङ्ख्या बढी रहे पनि उनीहरुले नियमित रुपमा भने स्वास्थ्य जाँच नगर्ने गरेको पाइयो । गर्भवती अवस्थामा स्वास्थ्य जाँच गराउन गाउँघर क्लिनिकमा जाने गर्भवती महिलाहरुको सङ्ख्या(१७%, निजि स्वास्थ्य संस्था जानेको सङख्या ११% अस्पताल जानेको संख्या २% र हेल्थपोष्ट जानेको सङ्ख्या ४७% रहेको पाइयो । यसरी हेर्दा गर्भवती अवस्थामा स्वास्थ्य जाँच गराउन हेल्थपोष्ट जाने गर्भवती महिलाहरुको सङ्ख्या बढी रहेको पाइयो। गर्भवती अवस्थामा साविक बमोजिमकै खानेकुरा प्रयोग गर्ने गर्भवती महिलाहरुको सङ्ख्या बढी रहेको अर्थात ६६% र थप पौष्टिक आहारको प्रयोग गर्ने गर्भवती महिलाहरुको सङ्ख्या ३४% रहेको पाइयो । यसर्थ गर्भवती अवस्थामा थप पौष्टिक आहार सेवन गर्नुपर्छ भन्ने बारे जानकारी भएर पनि आफ्नो आर्थिक अवस्था आदि कारणले गर्दा साविक बमोजिमकै खानेकुरा सेवन गर्ने गरेको कुरा उनीहरुले बताए । त्यस्तै गरि गर्भवती अवस्थामा १५% महिलाहरुले धुवाँजन्य सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको, ६३% ले धुवाँरहित सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको र २२% ले दुवै प्रकारको सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको पाइयो। जसमा धुवाँजन्य अर्न्तगत ३१% ले चुरोट र ६% ले बिँडीको प्रयोग गर्ने गरेको पाइयो। धुवाँरहित अन्तर्गत ३% ले सुर्ती, ३१% ले खैनी, १६% ले पान तथा गुट्खा र ३५% ले माथिका सबै प्रकारका धुवाँरहित सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको पाइयो ।

समग्रमा अध्ययनबाट गर्भवती महिलाहरुमा धुम्रपानले स्वास्थ्यमा पार्ने असर संम्बन्धी थोरै र केही जानकारीहरु भए पनि प्रशस्त र प्रभावकारी सूचनाहरु नभएको,उनीहरुको परिवारका सदस्यहरुमा पनि सुर्तीजन्य पदार्थहरुको प्रयोग प्रशस्तै रहेको र त्यसले गर्दा गर्भवती महिला र गर्भमा भएको शिशुको स्वास्थ्यमा प्रत्यक्ष असर परको भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङकाय तर्फ स्नातकोत्तर तह दोस्रो वर्ष स्वास्थ्य शिक्षा विषयको(HED 598)आंशिक पाठ्यभार पूरा गर्न तयार पारिएको हो । यसका लागि इटहरी उपमहानगरपालिकाका १०० जना गर्भवती महिलाहरुमा धुम्रपानको प्रयोग तथा यसले स्वास्थ्यमा पार्ने असरको ज्ञानका सम्बन्धमा अध्ययनबाट प्राप्त विवरणहरुलाई आधार मानिएको छ ।

प्रस्तुत शोधपत्र तयार पार्दा शीर्षक चयनदेखि लिएर, सबै काममा सहयोग, निर्देशन, सल्लाह सुझाव प्रदान गर्नुहुने स्वास्थ्य शिक्षा विभागका विभागीय प्रमुख तथा शोधपत्र निर्देशकश्री संजीव कुमार यादव ज्यू तथा अन्य गुरुहरु श्री मनोज कुमार चौधरी, वीरेन्द्र कार्की ज्यू हरुप्रति आभार तथा विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । साथै अध्ययन जनसंख्याका रुपमा रहेका इटहरी उपमहानगरपालिकाका गर्भवती महिलाहरुलाई उहाँहरुको साथ र सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई पूर्णता दिन प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

**मञ्जु श्रेष्ठ**

**एम.एड.दोस्रो वर्ष**

**विषय सूची**


पेज नं.

| | |
|---|---|
| आवरण पृष्ठ | i |
| घोषणापत्र | |
| सिफारिस पत्र | ii |
| स्विकृति पत्र | iii |
| सारसंक्षेप | iv–v |
| कृतज्ञताज्ञापन | vi |
| विषयसूची | vii–ix |
| तालिकाहरुको सूची | x |
| चित्रहरुको सूची | xi |
| संक्षिप्त शब्दावली | xii |
| **अध्याय : १ परिचय** | १-७ |
| १.१अध्ययनको पृष्ठभूमी | १-३ |
| १.२ समस्याको कथन | ३-४ |
| १.३अध्ययनको उद्धेश्य | ४ |
| १.४अनुसन्धान प्रश्न | ४-५ |
| १.५अध्ययनको महत्व | ५ |
| १.६अध्ययनका सिमितताहरु | ५-६ |
| १.७प्रयोग भएका महत्वपूर्ण शब्दहरुको परिभाषा | ६-७ |
| **अध्याय : २ सम्बद्ध साहित्यको पुनरावलोकन र धारणात्मक संरचना)** | **८-१३** |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ८-१० |
| २.२ संज्ञानात्मक साहित्यको पुनरावलोकन | १०-१२ |

२.३साहित्यिक पुनरावलोकनको अध्ययनमा प्रयोग १२
२.४ सैद्धान्तिक तथा धारणात्मक संरचना १२-१३

**अध्याय : ३ अध्ययनका विधि तथा प्रक्रियाहरु १४-१५**

३.१अध्ययनको ढाँचा तथा विधि) १४
३.२अध्ययन जनसङ्ख्या तथा नमुना छनोट प्रक्रिया १४
३.३ अध्ययन क्षेत्र वा स्थल १४
३.४तथ्याङ्क सङ्कलनका साधनहरु तथा तरिका १४-१५
३.५ तथ्याङ्क संकलन प्रक्रिया १५
३.६तथ्यांकको व्याख्या तथा विश्लेषण प्रक्रिया १५

**अध्याय : ४ नतिजाहरुको व्याख्या तथा विश्लेषण १६-३७**

४.१तथ्याङ्क तथा नतिजाहरुको व्याख्या तथा विश्लेषण १६-३३

४.२सारांश तथा नतिजाहरुको विश्लेषण ३४-३७

**अध्याय : ५ निष्कर्ष तथा सुझावहरु ३८**

५.१निष्कर्षहरु ३८

५.२सुझावहरु ३८

सन्दर्भसूची i

अनुसूची १ ii-iv

# तालिकाहरुको सूची


| तालिका नं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १.अध्ययन जनसङ्ख्याको पारिवारिक बनोट | | १६ |
| २.विवाह भएको उमेर संबन्धि विवरण | | २१ |
| ३. पहिलो बच्चा हुँदाको उमेर | | २२ |
| ४.गर्भवती अवस्थामा स्वास्थ्य जाँच गरे/नगरेको सम्बन्धी विवरण | | २४ |
| ५. गर्भवती अवस्थामा सेवन गर्ने खानेकुराको मात्रा सम्बन्धी विवरण | | २५ |
| ६. गर्भवती महिलाहरुले प्रयोग गर्ने धुवाँजन्य सुर्तीजन्य पदार्थ सम्बन्धी विवरण | | २७ |
| ७. गर्भवती महिलाहरुले प्रयोग गर्ने धुवाँरहित सुर्तीजन्य पदार्थ सम्बन्धी विवरण | | २८ |
| ८. धुम्रपानको प्रयोगको मात्रा सम्बन्धी विवरण | | २९ |
| ९.सुर्तीजन्य पदार्थको सेवनले गर्भको शिशुमा पार्ने असर संबन्धी विवरण | | ३० |
| १०. सुर्तीजन्य पदार्थ सेवनले शरीरमा भएको परिवर्तन | | ३१ |

## चित्रहरुको सूची

**चित्र नं.** **विषयवस्तु** **पेज नं.**


| चित्र नं. विषयवस्तु | पेज नं. |
|---|---|
| १. गर्भवती महिलाहरुको पारिवारिको जातिगत तथा धर्मगत विवरण | १६ |
| २. अध्ययन जनसङ्ख्याको वर्तमान उमेर संबन्धि विवरण | १७ |
| ३. गर्भवती महिलाहरुको शैक्षिक विवरण | १८ |
| ४. गर्भवती महिलाहरुको श्रीमान्को शैक्षिक विवरण | १९ |
| ५. गर्भवती महिलाहरुको पेसा सम्बन्धी विवरण | १९ |
| ६. गर्भवती महिलाहरुको श्रीमान्को पेसा सम्बन्धी विवरण | २० |
| ७. गर्भवती महिलाहरुको तत्कालीन बालबालिकाको सङ्ख्या सम्बन्धी विवरण | २१ |
| ८. हालको गर्भ अवधि सम्बन्धी विवरण | २३ |
| ९. गर्भावस्थामा स्वास्थ्य जाँचबारे जानकारी भए/नभएका | २३ |
| १०. गर्भवती अवस्थामा स्वास्थ्य जाँच गराउन जाने स्थान सम्बन्धी विवरण | २५ |
| ११. टि.टि. खोपको प्रयोगको मात्रा सम्बन्धी विवरण | २६ |
| १२. गर्भवती महिलाहरुले प्रयोग गर्ने सुर्तीजन्य पदार्थको प्रकार सम्बन्धी विवरण | २७ |
| १३. धुवाँरहित सुर्तीजन्य पदार्थ सम्बन्धी विवरण | २८ |
| १४. सुर्तीजन्य पदार्थ सेवन गर्न प्रेरित हुने कारक सम्बन्धी विवरण | २९ |
| १५. सुर्तीजन्य पदार्थको सेवनले स्वास्थ्यमा पार्ने असर सम्बन्धी विवरण | ३१ |
| १६. परिवारमा सुर्तीजन्य पदार्थ सेवन गर्नेको संख्या सम्बन्धी विवरण | ३२ |
| १७. नजिकका अन्य व्यक्तिले सूर्तीजन्य पदार्थ सेवन गर्दा स्वास्थ्यमा असर पार्ने/नपार्ने सम्बन्धी विवरण | ३४ |

# संक्षिप्त शब्द

| | | |
|---|---|---|
| **CDR** | **:** | Central Development Region |
| **COPD** | **:** | Chronic Obstructive Pulmonary Disease |
| **FCTC** | **:** | Framework Convention on Tobacco Control |
| **FWDR** | **:** | Far- Western Development Region |
| **GAT**S | : | Global Adult Tobacco Survey |
| **GTCR** | **:** | Global Tobacco Control Report |
| **GTE** | **:** | Global Tobacco Epidemic |
| **GYTS** | **:** | Global Youth Tobacco Survey |
| **MoH** | **:** | Ministry of Health |
| **MOHP** | **:** | Ministry of Health and Population |
| **NDHS** | **:** | Nepal Demographic Health Survey |
| **NHEICC** | **:** | National Health Education Information Communication Center |
| **NSS** | **:** | National Sample Survey |
| **PR** | **:** | Prevalence Rate |
| **SEA**R | **:** | South East Asia Region |
| **SIDS** | **:** | Sudden Infant Death Syndrome |
| **WB** | **:** | World Bank |
| **WHO** | **:** | World Health Organization |